"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गोल्फुटार, काठमाडौं

## ३ नं प्रदेश, नेपाल

सूचना नं. १३/०७७।७८

बूढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोल्फुटार, काठमाडौं ३ नं. प्रदेश, नेपाल २०७३

## सूचना !

बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण काठमाण्डौं जिल्लामा निरन्तर रुपमा बढी रहेको हुँदा कोभिड १९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट मिति २०७७।०५।३१ मा जारी भएको सूचना बमोजिमका कार्यहरु मात्र संचालन गर्न र अर्को आदेश नभएसम्मका लागि यसै साथ संलग्न भएको सूचना बमोजिम निषेध गरिएका गतिविधिहरु नगरी सहयोग गरिदिनु हुन बूढानीलकण्ठ नगरबासीहरुमा अनुरोधका लागि यो सूचना प्रकाशित गरिएको छ ।

६।१

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौं

(प्रशासन शाखा)

यस आदेशको कार्यान्वयन प्रभावकारी रूपमा गर्न, कोभिड-१९ को संक्रमणको जोखिमबाट आफु बच्न तथा अरूलाई बचाउन देहाय बमोजिम गर्ने :

१. दैनिक क्रियाकलाप सञ्चालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने वा स्यानिटाइजरको उचित प्रयोग गर्ने ।

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने साथै सामाजिक/भौतिक दूरी कायम राख्दै दैनिकी गतिविधि सञ्चालन गर्न सम्पूर्ण महानुभावहरुमा अनुरोध छ ।

३. नियामक निकाय तथा सम्पूर्ण छाता संघ/संगठनहरुले मातहतका निकाय/कार्यालय वा स्थानमा स्वास्थ्य मापदण्ड पालना भए नभएको विषयमा नियमित अनुगमन गर्नु पर्नेछ ।

साथै,

उल्लेखित आदेश विपरितका गतिविधिहरु गरे/गराएको पाइएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

२०७७।५।३१

जनकराज दाहाल

मिति: २०७७/०५/३१

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेबसाइट: daokathmandu.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं
(प्रशासन शाखा)

## जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

काठमाडौं जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०६/०१ गते देखिलागू हुने गरी अर्को आदेश नभए सम्मका लागि काठमाडौं जिल्ला भरी स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन, २०२० बमोजिम देहाय बमोजिमका क्रियाकलाप गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**निषेध गरिएका गतिविधिहरु :**

१. काठमाडौं जिल्ला भित्र सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरु नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गराउने गरी जोर/विजोर प्रणाली अन्तर्गत सञ्चालन गर्नुपर्नेछ तर अत्यावश्यक सेवा, कार्यालय आवत जावत र सबै प्रकारका ढुवानीका साधनको हकमा जोर/विजोर प्रणाली लागू हुने छैन ।
२. खुल्ला स्थानमा मानिसहरु भेलाजम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न/गराउन,
३. मठ मन्दिर, मस्जिद, चर्च लगायतका परम्परागत धार्मिक तथा साँस्कृतिक स्थलहरूमा दैनिक नित्य पूजा बाहेक भीडभाड जन्य गतिविधिहरु सञ्चालन गर्न/गराउन,
४. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र) सञ्चालन गर्न/गराउन साथै शैक्षिक तथा अन्य परिक्षाहरु सञ्चालन गर्न/गराउन,
५. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, मनोरञ्जन स्थल, स्पा, सैलुन, व्यूटिपार्लर, स्वीमिङ्ग पुल, जिमखाना, हेल्थ क्लव समूहमा खेलिने खेलकुद र खेल प्रस्तुति, अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल, प्रदर्शनी, पुस्तकालय, संग्रहालय, चिडियाखाना जस्ता क्रियाकलाप संचालन गर्न/गराउन ।

प्रमुख जिल्ला अधिकारी